**नेपाली / *NEPALI***

**क्याम्पसले केही व्यक्तिगत गतिविधिहरू फेरि शुरू गर्ने, कडा स्वास्थ्य उपायहरू कायम राख्ने**

विद्यार्थी, संकाय र कर्मचारीहरू,

जब हामीले व्यक्तिगत निर्देशनलाई रोक्यौं र *COVID-19* मा पोजिटिभ परिक्षण हुने *UW-Madison* का विद्यार्थीहरूको सङ्ख्याको कारण विद्यार्थीहरूलाई उनीहरूको आवत जावतमा प्रतिबन्ध लगायौं तब तपाईंको लचकता, समर्थन र जनस्वास्थ्य आवश्यकताहरू प्रतिको नयाँ ध्यानका लागि धन्यवाद। मलाई थाहा छ कि यो कुरा सजिलो भएको छैन, विशेष गरी उनीहरूलाई जसलाई क्वारेन्टाइन गर्न वा अलग्ग रहनु पर्ने थियो, तर यी कठिन कार्यहरू क्याम्पस र हाम्रो समुदायमा *COVID-19* को सङ्क्रमण नियन्त्रण गर्न आवश्यक थियो।

कसैले पनि हाम्रो सेमेस्टर यस तरिकाले शुरू गर्न चाहँदैनथे, तर यसले यो कुरामा महत्त्व दिन्छ कि क्याम्पसको स्वास्थ्य र परिचालनहरूको रक्षा गर्न जनस्वास्थ्य प्रोटोकलहरूको कडाईका साथ पालना गर्न आवश्यक छ। हाम्रो सामूहिक प्रयासहरूले पोजिटिभ केसको सङ्ख्यालाई कम गरेको छ र गएको दुई हप्तामा क्याम्पस परीक्षणमा पोजिटिभ दर घटाएको छ। यो राम्रो समाचार हो र म हाम्रो समुदायका प्रत्येक सदस्यलाई क्याम्पसमा *COVID-19* को सङ्क्रमण रोक्नको लागि प्रयासहरू जारी राख्न र गएका केही हप्ताहरूमा हामीले पाएका लाभलाई सुरक्षित राख्न व्यक्तिगत जिम्मेवारी लिन आग्रह गर्दछु।

सेप्टेम्बर २६ देखि, हामी सङ्क्रमण ट्र्याक गर्न जारी राख्दै क्याम्पस गतिविधिलाई फेरि शुरू गर्नेछौं। तल घोषणा गरिएका कार्यहरू जनस्वास्थ्य विशेषज्ञहरू र साझा प्रशासनको परामर्शका साथ गरिएको थियो।

हामीले यी कुराहरू सेप्टेम्बरको आरम्भमा क्याम्पस खोल्नु भन्दा फरक गर्दैछौं:

- हामीले परीक्षण क्षमता बढाएका छौं र कम समयमा नतिजाहरू दिँदैछौं, त्यसैले अब हामी आवस हलहरूमा सङ्क्रमण रोक्नको लागि परीक्षणमा अझ बढी आक्रमक हुन सक्छौं।
- हामी आवास हलहरूमा विद्यार्थीहरूको एकाग्रता कम गर्न, स्वैच्छिक प्रस्थानलाई प्रोत्साहित गर्दैछौं र थप विद्यार्थीहरूलाई एउटा कोठामा सर्न अनुमति दिने काम गरिरहेका छौं। हामी निवास हलहरूका विद्यार्थीहरूलाई उनीहरूको हलमा पाहुनाहरू ल्याउन निषेध गर्दैछौं र व्यक्तिगत कोठा र साझा क्षेत्रहरूमा अनुमति दिईएको व्यक्तिहरूको सङ्ख्या सीमित गर्दैछौं।
- मार्गदर्शनहरू पालना नगर्ने विद्यार्थीहरूलाई हामी आपतकालिन निलम्बन सहित उत्तरदायी राख्नेछौं, र मलाई आशा छ कि काउन्टीले हामीसँग मिलेर डाउनटाउन र शहरभित्र अन्य उपायहरू चलाउनेछन् जसमा सङ्क्रमणसँग जोडिएका बारहरू र अन्य क्याम्पस बाहिरका ठाउँहरूमा उनीहरूको जनस्वास्थ्य आदेशहरू लागू गर्न जारी राख्ने कुरा समावेश छ।
- हामी क्याम्पसमा व्यक्तिगत निर्देशनमा फर्केतापनि, यो सम्भवतः पहिले भन्दा अझ बढी सीमित हुनेछ।

यी र अन्य प्रयासहरूले हामीलाई यो सेमेस्टर अवरोध बिना नै पूरा गर्न दिनेछन्, यदि ती प्रयासहरू क्याम्पस भित्र र बाहिरा स्वास्थ्य प्रोटोकोलहरूमा गम्भीर ध्यान दिने कुरासँग जोडिएमा।

सेमेस्टरको अर्को चरणको लागि मार्गदर्शन यहाँ छ:

**परीक्षण र स्वास्थ्य**
सङ्क्रमण घटाउन हाम्रो प्रगति कायम राख्न, हामी:

- आवास हलहरूका विद्यार्थीहरूलाई **अझ धेरै** (हप्तामा एक पटक) **परीक्षण गर्ने** र सङ्क्रमणको बढ्दो सङ्ख्या देखिएका कुनै पनि ठाउँमा विस्तृत परीक्षण गर्ने। किनभने हाम्रो आफ्नै परीक्षण प्रयोगशाला अब सञ्चालनमा छ, हामी परीक्षणका नतिजाहरू चाँडै पनि फर्काउँदैछौं।
- ***Contact tracing* बढाउने** – सेप्टेम्बरको आरम्भा देखि, हामीले क्याम्पसका *contact tracer* हरूको सङ्ख्या झन्डै दोब्बर गरिसकेका छौं, र हामी अझै धेरैलाई जागीर दिन जारी राख्दैछौं।
- **विद्यार्थी र कर्मचारीलाई *contact tracing* मा जवाफ दिन आवश्यक** वा अनुशासनिक आचरणको (विद्यार्थी) वा काममा अनुशासन (कर्मचारी) सामना गर्ने
- मास्क लगाउने, भौतिक दूरी, लक्षण निगरानी, र बारम्बार हात धुने सहित **सबै जनस्वास्थ्य प्रोटोकलहरूको पालना गर्न** सबैलाई आवश्यक। व्यक्तिगत व्यायाम बाहेक भित्र वा बाहिर हुँदा अनुहार ढाक्न सक्ने सबैले त्यसो गर्नु पर्दछ।
- हाम्रो क्याम्पस समुदायमा कसैलाई पनि **क्याम्पसको नि:शुल्क परीक्षणमा सजिलो पहुँच** प्रदान गर्ने।
- निरन्तर **निगरानी परीक्षण**, जसले हालसम्म *undergraduate* विद्यार्थीहरू बाहेक कुनै पनि जनसङ्ख्यामा सङ्क्रमणको समस्या देखाउँदैन।

**हाउजिङ्ग र विद्यार्थी उत्तरदायित्व**
(आवास हलका विद्यार्थीहरू, थप जानकारीको लागि कृपया युनिभर्सिटी हाउजिङ्ग बाट आएको ईमेल हेर्नुहोस्)

- पार्टी, जनस्वास्थ्य प्रोटोकलको पालना नगर्ने वा एक आवासी बराबर एक व्यकति भन्दा बढि पाहुनाको समूहमा जम्मा हुने (त्यही हलबाट) वा साझा ठाउँमा १० जनाको आवास आचारसम्बन्धी नियमहरू कडाईका साथ लागू हुनेछन् र उल्लङ्घनको परिणामस्वरूप फिर्ती बिना आवास अनुबन्धको तत्काल अन्त्य हुनेछ।
- **यदि आवासीहरूले महसुस गर्दैनन् कि उनीहरूले यी महत्त्वपूर्ण व्यावहारिक आवश्यकताहरूको पालना गर्न सक्षम हुनेछन्, युनिभर्सिटी हाउजिङ्गले *My UW Housing portal* मार्फत अनुबन्ध रद्द गर्नेछ र समानुपातिक रूपमा हाउजिङ्गको कोष र नचलाईएको डाइनिङ्गको कोषहरू फिर्ता गर्नेछ।**
- विद्यार्थीहरू र उनीहरूका परिवारहरूले - विशेष गरी सबै अन्लाईन कक्षाहरू भएका विद्यार्थीहरूले उनीहरूको लागि आवास हलमा रहनु उचित छ कि छैन भनेर जाँच्नन र यदि उनीहरू निस्कन चाहेमा अनुबन्ध रद्द अनुरोध गर्न सोच्नुपर्नेछ।
- सर्न चाहने विद्यार्थीहरूका लागि एउटा आफ्नै कोठा अहिले उपलब्ध छन्।

विद्यार्थी आचरण र सामुदायिक मापदण्डको कार्यालयले (*Office of Student Conduct and Community Standards*) जनस्वास्थ्य प्रोटोकलको पालना नगर्न छनौट गर्ने विद्यार्थी र संगठनहरूलाई उनीहरूको क्याम्पस भित्र वा बाहिरको व्यवहारलाई उत्तरदायी राख्नेछ।

**निर्देशन**

प्रशिक्षकहरू, कृपया थप विवरणहरूको लागि प्रोभास्टबाट आएको छुट्टै सन्देश हेर्नुहोस्

- हामी *undergraduate* र *graduate* स्तरमा व्यक्तिगत निर्देशनलाई चरणबद्ध तरिकाले लानेछौं।
- केही कक्षाहरू, विशेष रूपमा ती विशेष उपकरण वा सुविधाहरू चाहिने, सेप्टेम्बर २६ देखि व्यक्तिगत वा हाइब्रिड तरिकाले शुरू हुनेछन्। यी कक्षाहरूमा भर्ना भएका भएका विद्यार्थीहरूलाई शुक्रवार, सेप्टेम्बर २५ सम्ममा उनीहरूका प्रशिक्षकहरूले सम्पर्क गर्नेछन्।
- अन्य सबै कक्षाहरूका लागि, विभागहरू र प्रशिक्षकहरूले कसरी कक्षा सिकाउने उद्देश्यहरू प्राप्त गर्नका लागि व्यक्तिगत क्रियाकलापहरूलाई कसरी समावेश गर्ने भनेर निर्धारण गर्नेछन्। केही कक्षाहरू तुरुन्तै व्यक्तिगत रूपमा शुरू हुन सक्छन्, अरू ढिलाइ हुन सक्छन्। **यी कक्षाहरूमा भर्ना भएका विद्यार्थीहरूलाई शुक्रवार, अक्टोबर २ पछि संशोधित कक्षा योजनाहरू सम्बन्धी उनीहरूका प्रशिक्षकहरूले सम्पर्क गर्नेछन्।** जबसम्म विद्यार्थीले अरू कुरा सुन्दैनन् यी कक्षाहरू टाढाबाट जारी रहनेछन्।
- यी बदलहरूले अशक्तता सम्बन्धित विद्यार्थीहरूलाई असर गर्न सक्दछ; तिनीहरूले कक्षामा कुनै बदलहरू छलफल गर्न उनीहरूको प्रशिक्षकलाई सम्पर्क गर्नुपर्नेछ। विद्यार्थीहरूसँग प्रश्नहरू छन् भने *McBurney* अशक्तता संसाधन केन्द्रमा उनीहरूको *Access Consultant* लाई सम्पर्क गर्न सक्दछन्।

हामी *Unions*, *Dining*, *Badger Markets*, *Recreation and Wellbeing*, र पुस्तकालयहरूमा केही परिचालनहरू पनि फेरि शुरू गर्नेछौं। थप विवरणहरूका लागि क्याम्पसको परिचालनको पेज हेर्नुहोस्।

यी चरणहरूको मतलब यो होइन कि *COVID-19 UW-Madison* बाट उन्मूलन भएको छ। बरु, यसको अर्थ यो हो कि हाम्रा सबै प्रयासहरूका कारण, हामीले पोजिटिभ केसहरूलाई घटाउँदै छौं र यदि हामीले जनस्वास्थ्य उपायहरूको कडाइका साथ पालना गर्न जारी राख्यौं भने, सावधानीपूर्वक हामी अझ बढी व्यक्तिगत क्रियाकलापहरू फेरि शुरू गर्न सक्दछौं। म अझै उत्साहित छु कि हामीसँग कक्षा कोठामा र ल्याबहरूमा भाइरस सङ्क्रमण भएको कुनै प्रमाण छैन र यी क्षेत्रहरूमा हाम्रो स्वास्थ्य प्रोटोकलहरू काम गरिरहेको छ भनेर सङ्केत छ।

यदि हामीले पोजिटिभ केसहरूमा अर्को बढ्ने क्रम देख्यौं भने, म भाइरसको सङ्क्रमण सीमित गर्न थप कार्यहरू गर्न हिचकिचाउँदिन।

म धेरै कर्मचारीहरूप्रति कृतज्ञ छु - आवास, प्राध्यापक र स्वास्थ्य सेवाहरू देखि प्रशिक्षकहरूसम्म - जसले यस असाधारण अवधि भरी क्याम्पस चालू राख्न अविश्वसनीय मेहनत गरेका छन्।

यदि तपाईसँग प्रश्नहरू छन् भने कृपया यी *FAQs पढ्नुहोस्* वा smartrestart@vc.wisc edu मा ईमेल पठाउनुहोस्।

मिलेर काम गरेर हामीले सङ्क्रमण सङ्ख्या कम राख्न सक्छौं। तपाई सबैलाई धन्यवाद जसले यो हुन सहयोग गर्दै हुनुहुन्छ।

Rebecca Blank
कुलपति